**भेरीगंगा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**छिन्चु, सुर्खेत**
कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्डः ०६ संख्याः ०५ मितिः २०८०/११/०२ गते**

**भाग–२**

## भेरीगंगा नगरपालिका

### महिला, शान्ति र सुरक्षा सम्बन्धि संयुक्त राष्टू संघ, सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धि दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन सम्बन्धि भेरीगंगा नगरपालिका

## कार्ययोजना कार्यान्वयन स्थानिय समिति सम्बन्धि कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति २०८०।१०।२९

**प्रस्तावना** : भेरीगंगा नगरपालिका, सुर्खेतको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत रही महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न वान्छनीय भएकोले, विनियोजन ऐन, २०८० को दफा ९ ले दिएको अधिकार प्रयोग गरी भेरीगंगा नगर कार्यपालिकाको मिति २०८०।१०।२९ को बैठकले यो कार्यविधि बनाएकोछ । यसको स्वीकृतितथाअनुमोदननगर सभाबाट हुनेछ ।

**१. संक्षिप्तनाम र प्रारम्भः** यस कार्यबिधिको नाम महिला, शान्ति र सुरक्षा सम्बन्धि संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धि दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन सम्बन्धि भेरीगंगा नगरपालिका कार्ययोजना कार्यान्वयन स्थानीय समिति सम्बन्धी कार्यविधि, २०८० रहेकोछ । यो कार्यबिधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. स्थानीय समिति भन्नाले भेरीगंगा नगरपालिका कार्ययोजना कार्यान्वयन स्थानीय समिति भन्नाले द्वन्द्वबाट पीडित तथा प्रभावित महिला र बालिकाको आवश्यकता सम्बोधन गर्दै उनीहरुको सरोकारको विषयमा अर्थपूर्ण सहभागिता एवं आत्मसम्मानपूर्वक जीवनयापन गर्ने वातावरण सुनिश्चित गर्न गठित स्थानीय समिति भन्ने बुझिन्छ ।

ख. प्रस्ताव नं. १३२५ र १८२० भन्नाले संयुक्त राष्ट्र संघ सुरक्षा परिषद कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना भन्ने बुझिन्छ ।

ग. भेरीगंगा नगरपालिका समन्वय सचिवालय भन्नाले अधिकृत तहका कर्मचारीको संयोजकत्वमा गठन गरिने निकाय भन्ने बुझिन्छ ।

घ. समन्वय भन्नाले संघ, प्रदेश, जिल्ला र स्थानीय तहबीच गरिने समन्वय भन्ने बुझिन्छ ।

ङ. जिल्ला समन्वय समितिका प्रमुख भन्नाले सम्बन्धित जिल्ला समन्वय समितिका निर्वाचित प्रमुख भन्ने बुझिन्छ

च. नगरपालिका प्रमुख भन्नाले सम्बन्धित नगरपालिकाका अधिकार प्राप्त निर्वाचित नगर प्रमुख भन्ने बुझिन्छ ।

छ. बजेट भन्नाले स्थानीय सरकारद्वारा रकमान्तर गरि द्वन्द्वबाट पीडित तथा प्रभावित महिला र बालिकाको आवश्यकता सम्बोधन गर्दै उनीहरुको सरोकारको विषयमा अर्थपूर्ण सहभागिता एवं आत्मसम्मानपूर्वक जीवनयापन गर्ने वातावरण सुनिश्चित गर्न व्यवस्था गरिएको कोष भन्ने बुझ्नुपर्छ ।

**३. भेरीगंगा नगरपालिका कार्ययोजना कार्यान्वयन स्थानीय समितिको गठन** :

(१) भेरीगंगा नगरपालिका कार्ययोजना कार्यान्वयन समितिको गठन देहाए बमोजिम हुनेछ :

संयोजकः प्रमुख, भेरीगंगा नगरपालिका

सदस्यः अधिकृत सामाजिक विकास शाखा

सदस्य सचिवः अधिकृत, जेष्ठ नागरिक, महिला तथा बालबालिका शाखा

सदस्यः द्वन्द्व पीडितहरु मध्ये दुवै पक्षका १/१ जना

(२) भेरीगंगा नगरपालिका कार्ययोजना कार्यान्वयन स्थानीय समितिको बैठकमा आवश्यकतानुसार प्रस्तुत विषयसंग सम्बन्धित संघसंस्थाका प्रतिनिधि, विकास साझेदार संस्थाका प्रतिनिधि, यस क्षेत्रमा कार्यरत गैरसरकारी संघसंस्थाका प्रतिनिधिलाई पनि आमन्त्रित गर्न सकिनेछ ।







**४. कार्ययोजना कार्यान्वयन स्थानीय समितिका पदाधिकारी तथा सदस्यको कार्यकाल:** निर्देशक समितिका पदाधिकारी तथा सदस्यको कार्यकाल पदेन बाहेक अन्य सदस्यको कार्यकाल बढीमा दुईबर्षको हुनेछ ।

**५. भेरीगंगा नगरपालिका कार्ययोजना कार्यान्वयन स्थानीय समितिको काम, कर्तव्य र अधिकार** : भेरीगंगा नगरपालिका कार्ययोजना कार्यान्वयन स्थानीय समितिको काम, कर्तव्य र अधिकार देहाएबमोजिम हुनेछ ।

१. पालिकास्तरीय कार्ययोजना कार्यान्वयनका लागि अन्तरनिकायगत समन्वय गर्ने ।

२. कार्ययोजना कार्यान्वयनका लागि आवश्यक स्रोत साधन व्यवस्थापन गर्ने ।

३. कार्य योजनालाई पालिकातहमा सन्चालित वडागत योजना तथा कार्यक्रममा समावेश गर्न आवश्यक व्यवस्था गर्ने ।

४. कार्ययोजना कार्यान्वयन सम्बन्धमा पालिका र वडातहमा कार्यशाला तथा छलफल र अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने ।

५. राष्ट्रिय निर्देशक समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने तथा निर्देशक समितिले तोकेका अन्य कार्य गर्ने ।

६. पालिकाभित्र सन्चालित कार्ययोजनासँग सम्बन्धित कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

७. कार्ययोजना कार्यान्वयनको समीक्षा गरी वार्षिक प्रतिवेदन तयार गर्ने र राष्ट्रिय निर्देशक समिति समक्ष तोकिएको समयभित्र पेश गर्ने ।

८. नगरपालिकाका सम्पूर्ण वडाहरुमा वेग्ला वेग्लै समिति गठन गर्ने, नगर समन्वय समितिले तोकेका कार्य गर्ने, प्रतिवेदन लिने र अनुगमन लगायतका कामहरु गर्ने जिम्मेवारी नगर समन्वय समितिको हुनेछ ।

**६. कार्ययोजना कार्यान्वयन स्थानीय उपसमितिको गठन प्रक्रिया** :

१. स्थानीय तहमा कार्ययोजना कार्यान्वयनका लागि कार्यविधि तयार गरी नगरपालिका उपप्रमुख संयोजकत्वमा कार्ययोजना कार्यान्वयन स्थानीय उपसमिति गठन गरिनेछ ।

२. कार्ययोजना कार्यान्वयन स्थानीय उपसमितिको काम, कर्तव्य र अधिकार, कार्यविधिले तोकेबमोजिम हुनेछ ।

३. कार्यपालिकाको महिला सदस्य, राज्यपक्ष र विद्रोही पक्षबाट एक एकजना गरी दुई जना सदस्य, मनोसामाजिक परामर्श दाता १, महिला विकास हेर्ने शाखा प्रमुख गरी पाँच सदस्यीय पीडित तथा प्रभावित महिला तथा बालिकाको समष्टिगत आवश्यकता पहिचान गर्न उपसमिति गठन हुनेछ।

**७. नगर समन्वय सचिवालय :**

(१) नगर तहमा एकजना अधिकृतको संयोजकत्वमा नगर समन्वय सचिवालय रहनेछ ।

(२) भेरीगंगा नगरपालिका समन्वय सचिवले नगर प्रमुखको परामर्शमा तोकिएका पदाधिकारीहरुलाई सचिवालयमा काममा लगाउने छन् ।

**८. नगर समन्वय सचिवालयको काम, कर्तव्य र अधिकार :**

(१) सचिवालयले कार्ययोजना कार्यान्वयनका लागि आवश्यक स्रोत साधन जुटाउन सहजीकरण गर्ने ।

(२) आवश्यकतानुसार स्थानीयतहका वडा बीच समन्वय गर्ने, गराउने ।

(३) नगर समन्वय समितिको बैठक व्यवस्थापन गर्ने ।

(४) स्थानीयतहमा कार्ययोजना कार्यान्वयनका लागि विभिन्न वडाहरुवीच समन्वय गर्ने ।

(५) अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन तयार गर्ने ।

(६) नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(७) संयुक्त राष्ट्र संघ, सुरक्षा परिषदद्वारा पारित प्रस्ताव न. १३२५ र १८२० र कार्ययोजनासंग सम्बन्धित विषयमा आवधिक रुपमा जर्नल, ब्रोसियर, बुलेटिन, पर्चा, पम्पलेट लगायतका सूचना सामग्री प्रकाशित गर्ने ।

(८) सवै वडातहका समितिहरुबीच समन्वय गर्ने र आवश्यक सूचना आदान प्रदान गर्ने ।

**९. अनुगमन तथा मूल्याङ्कन सम्बन्धि व्यवस्था:** स्थानीयतहमा सम्पर्क व्यक्ति (Focal Person) को व्यवस्था, बुलेटिन प्रकाशन, अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन लेखन र सार्वजनिक गर्ने, चौमासिक र वार्षिक प्रतिवेदन तयार गरी आफूभन्दा माथिल्लो तहमा बुझाउने जस्ता कामहरु स्थानीय समितिको हुनेछ ।







**१०. बजेट व्यवस्था:** कार्ययोजना कार्यान्वयनका लागि दुई बर्षकालागि खर्च प्रक्षेपण सहित बजेट तयारी, स्रोत पहिचान र परिचालन सम्बन्धी कार्यव्यवस्था स्थानीय समितिले छुट्टा छुट्टै व्यवस्था मिलाउनेछन् ।

**११. कार्ययोजना कार्यान्वयन जोखिम न्यूनीकरण गर्ने :**
तहगत समन्वय र सहकार्य, स्रोतको सुनिश्चितता, मनोपरामर्शदाता, चिकित्सक, अनुगमनकर्ता, लगायतका जनशक्तिको व्यवस्था, लक्षितवर्गको पहुँच, राहत र पुनस्थापना कार्यक्रम र द्वन्द्वका कारण यौन हिंसामा परेका महिला तथा बालिकाको गोपनीयता कायम राख्ने जस्ता काम सबै तहका समितिले गर्नेछन् ।

**१२. बचाउः** महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धि दोस्रो कार्ययोजनाका कामकारवाही यसै कार्यविधिवमोजिम भएगरेको मानिनेछ ।

आज्ञाले
**कृष्ण प्रसाद पोखेल**
प्रमुख प्रशासकीय अधिकृत